**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०४ अप्रेल २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- चार राज्य र एक केन्द्र शासित प्रदेशमा विधानसभा चुनाव प्रचार तीव्र भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले हिज पुडुचेरीमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूको समर्थनमा रोड शो गर्नु भयो।

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार, निर्वाचन आयुक्त डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशीले पश्चिम बंगालका मुख्य सचिव, पुलिस र प्रशासनलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी विधानसभा चुनाव सुनिश्चित गर्न निर्देशन दिएका छन्।

- पश्चिम बंगालको एक विशेष अदालतले मालदा जिल्लाको कालिया चौक घटनाका मुख्य अभियुक्त मुफक्करूल इस्लामलाई चौध दिनको र अकरमुल बगानीलाई छ दिनको पुलिस हिरासतमा राख्न आदेश दिएको छ।

- हिन्दुकुश पर्वत शृङ्खलामा गए राति ५.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ, जसले मध्य अफगानिस्तान र पाकिस्तानका विभिन्न भागहरूलाई प्रभावित पारेको छ।

- इण्डियन प्रिमियर लिग क्रिकेटमा हिज पञ्जाब किंग्सले चेन्नई सुपर किंग्सलाई पाँच विकेटले पराजित गऱ्यो।

**प्रधानमन्त्री- पुडुचेरी**

चार राज्य र एक केन्द्र शासित प्रदेशमा विधानसभा चुनाव प्रचार तीव्र भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले हिज पुडुचेरीमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूको समर्थनमा रोड शो गर्नु भयो। एक किलोमिटरभन्दा लामो रोड शोको क्रममा प्रधानमन्त्रीले जनता, पार्टी कार्यकर्ता र समर्थकहरूलाई अभिवादन गर्नु भयो। मुख्यमन्त्री एन. रंगासामी, भाजपा प्रदेश अध्यक्ष वी.पी. रामलिंगम र गृहमन्त्री ए. नमस्स्वयम प्रधानमन्त्रीसँगै थिए। रोड शोको क्रममा ठूलो संख्यामा मानिसहरूले प्रधानमन्त्रीलाई उत्साहपूर्वक स्वागत गरे।

**निर्वाचन आयोग- बंगाल**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार, निर्वाचन आयुक्त डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशीले पश्चिम बंगालका मुख्य सचिव, पुलिस र प्रशासनलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी विधानसभा चुनाव सुनिश्चित गर्न निर्देशन दिएका छन्। उनीहरूले मतदाताहरूले डराउनु हुँदैन र चुनाव हिंसा, धम्की र प्रलोभनबाट मुक्त हुनुपर्छ भनेका छन्। बुथ कब्जा र स्रोतसाधनको अवरोध जस्ता घटनाहरूलाई रोक्न निर्देशन दिइएको छ।

**केरलम चुनाव**

केरलममा विधानसभा चुनाव प्रचारका लागि अब केवल चार दिन बाकी छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदी सहित विभिन्न राजनीतिक दलका स्टार प्रचारकहरूले प्रचार गरिरहेका छन्।

BYTE

**पश्चिम बंगाल-एनआईए**

पश्चिम बंगालको एक विशेष अदालतले मालदा जिल्लाको कालिया चौक घटनाका मुख्य अभियुक्त मुफक्करूल इस्लामलाई चौध दिनको र अकरमुल बगानीलाई छ दिनको पुलिस हिरासतमा राख्न आदेश दिएको छ। खण्ड विकास अधिकारीको कार्यालय घेराउ गर्न भीडलाई उक्साएको आरोपमा दुवैलाई पक्राउ गरिएको थियो। मतदाता सूचीमा आफ्नो नाम समावेश गर्न माग गर्दै प्रदर्शनकारीहरूले अधिकारीहरूलाई खाना र पानी बिना नौ घण्टाभन्दा बढी समयसम्म कार्यालय भित्रै राखेको आरोप रहेको छ। चालीस सदस्यीय राष्ट्रीय अन्वेषण अभिकरण टोली मुद्दाको जाँच गर्न मालदामा छन्। उद्धारको क्रममा अधिकारीहरूमाथि भएको आक्रमणको पनि जाँच गरिनेछ।

**राजनाथ सिंह - विशाखापट्टनम**

रक्षामन्त्री राजनाथ सिंहले हिज विशाखापट्टनममा रहेको रक्षा अनुसन्धान तथा विकास संगठनको नौसेना विज्ञान तथा प्राविधिक प्रयोगशालामा अत्याधुनिक लार्ज क्याभिटेसन सुरुङ सुविधाको शिलान्यास गर्नुभयो। वैज्ञानिकहरू र कर्मचारीहरूलाई सम्बोधन गर्नु हुँदै उहाँले भन्नुभयो, यो सुविधाले भारतलाई स्वदेशी नौसेना प्रणालीहरू डिजाइन, विकास र परीक्षण गर्न सक्षम बनाउनेछ, जसले गर्दा विदेशी परीक्षण पूर्वाधारमा निर्भरता कम हुनेछ। रक्षामन्त्रीले लार्ज क्याभिटेसन सुरुङलाई एक परिवर्तनकारी कदमको रूपमा वर्णन गर्नु भयो जसले प्रोपल्सन प्रणालीहरूको हाइड्रोडायनामिक डिजाइनलाई बलियो बनाउनेछ, आवाज कम गर्नेछ र राडार, इन्फ्रारेड र ध्वनिक सेन्सरहरूबाट पनडुब्बी र जहाजहरूको स्टिल्थ क्षमताहरू बढाउनेछ। आत्मनिर्भर भारत मिसनमा परियोजनालाई एक महत्त्वपूर्ण कदमको रूपमा वर्णन गर्नु हुँदै श्री सिंहले रक्षा क्षेत्रमा आत्मनिर्भरता राष्ट्रिय सुरक्षासँग नजिकबाट जोडिएको बताउनु भयो। उहाँले भारतको बढ्दो प्राविधिक क्षमताहरूको श्रेय उद्योग, शिक्षाविद्, साना तथा मझौला उद्यमहरू र अनुसन्धानकर्ताहरूको सहयोगी प्रयासहरूलाई दिनु भयो।

**पुडुचेरी**

विधानसभा चुनावमा निर्वाचन क्षेत्र प्रोफाइलहरूको हाम्रो श्रृंखलाको एक भागको रूपमा, आज हामी केन्द्र शासित प्रदेश पुडुचेरीको कराइकल दक्षिण विधानसभा निर्वाचन क्षेत्रबारे जानकारी दिनेछौ ।

BYTE

**पीएमएमएल**

नयाँ दिल्लीस्थित प्रधानमन्त्री संग्रहालय र पुस्तकालयले "पी.एम.एम.एल को अभिलेख" शीर्षकको दुर्लभ र जानकारीमूलक प्रदर्शनी आयोजना गरिदैछ। यसले मानिसहरूलाई भारतको आधुनिक इतिहासका महत्त्वपूर्ण दस्तावेजहरूको झलक प्रदान गर्नेछ।

**अफगानिस्तान- भुकम्प**

हिन्दुकुश पर्वत शृङ्खलामा आज राति ५.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ, जसले मध्य अफगानिस्तान र पाकिस्तानका विभिन्न भागहरूलाई प्रभावित पारेको छ। हालसम्म आठ जनाको मृत्यु भएको बताइएको छ। अफगान समाचार एजेन्सीका अनुसार मध्य काबुल प्रान्तको बग्रामी जिल्लामा घर भत्किँदा आठ जनाको मृत्यु भएको छ भने एक जना घाइते पनि भएका छन्। अफगान सूचना मन्त्रालयको विज्ञप्ति अनुसार एक जना बेपत्ता भएको बताइएको छ। जर्मन भूगर्भ अनुसन्धान केन्द्रका अनुसार भूकम्पको केन्द्रबिन्दु १८१ किलोमिटर गहिराइमा रहेको थियो। प्रारम्भिक परिमाण ५.९ मापन गरिएको थियो, जुन पछि ५.८ मा परिमार्जन गरिएको थियो। भूकम्प अफगानिस्तानको राजधानी काबुल, पाकिस्तानको राजधानी इस्लामाबाद, उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वा र उत्तरी गिलगित-बाल्टिस्तान क्षेत्रमा महसुस गरिएको थियो। भूकम्पको झटका काश्मिरमा पनि महसुस गरेको थियो।

**संयुक्त राष्ट्र सुरक्षा परिषद-होर्मुज**

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले इरानी आक्रमणबाट हर्मुजको जलडमरूमा जहाजहरूलाई जोगाउन रक्षात्मक बल प्रयोग गर्ने अधिकार दिने विषयमा मतदान स्थगित गरेको छ। १५ सदस्यीय परिषद्ले हिजो राति बहराइनको मस्यौदा प्रस्तावमा मतदान

गर्ने तालिका थियो तर गुड फ्राइडेको सार्वजनिक बिदाका कारण तालिका परिवर्तन गरिएको थियो। बहराइनले यस महिना संयुक्त राष्ट्र सुरक्षा परिषद्को अध्यक्षता सम्हाल्नेछ। प्रस्तावमा मतदानको लागि नयाँ मिति अझै घोषणा गरिएको छैन।

## आईपीएल

इण्डियन प्रिमियर लिग क्रिकेटमा हिज पञ्जाब किंग्सले चेन्नई सुपर किंग्सलाई पाँच विकेटले पराजित गऱ्यो। चेन्नईको चिदम्बरम स्टेडियममा, पञ्जाब किंग्सले १८ ओभर चार बलमा पाँच विकेटमा २१० रनको लक्ष्य पूरा गऱ्यो। यो चेन्नई सुपर किंग्सको यस सिजनमा लगातार दोस्रो हार हो। अर्कोतर्फ, पञ्जाब किंग्सले लगातार दुई जितका साथ सिजनको सुरुवात गरेको छ। पहिले ब्याटिङ गर्दै, चेन्नई सुपर किंग्सले बीस ओभरमा पाँच विकेटमा २०९ रन बनाएको थियो। आयुष महात्रेले सर्वाधिक ७३ रन बनाए। पञ्जाब किंग्सका लागि श्रेयस अय्यरले अर्धशतक बनाए। प्रियांश आर्यले मात्र ११ बलमा ३९ रन योगदान दिए भने उनलाई प्लेयर अफ द म्याच चयन गरियो। आज, दिल्ली क्यापिटल्सले मुम्बई इन्डियन्सको सामना गर्नेछ। म्याच दिल्लीको अरुण जेटली स्टेडियममा दिउँसो ३ बजेर ३० मिनटमा सुरु हुनेछ। दोस्रो खेलमा गुजरात टाइटन्सले अहमदाबादमा राजस्थान रोयल्सको सामना गर्नेछ। यो म्याच भारतीय समय अनुसार साँझ ७ बजेर ३० मिनटमा नरेन्द्र मोदी स्टेडियममा सुरु हुनेछ।

## मौसम

मौसम विभागले आज जम्मू कश्मीर, मुजफ्फराबाद, केरला, माहे र लद्दाखमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागले छत्तीसगढ, पूर्वी मध्य प्रदेश, पूर्वी राजस्थान, उत्तर प्रदेश, हरियाणा, चण्डीगढ, दिल्ली, हिमाचल प्रदेश र उत्तराखण्डमा मेघगर्जन र असिना पर्ने पनि पूर्वानुमान गरेको छ।